# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ चैत १५ गते

### बराल र डा. तुम्बाहाम्फेलाई 'दयाराम परियार मानव अधिकार स्मृति सम्मान'

राष्ट्रिय मानव अधिकार आयोगले २०६९ सालको 'दयाराम परियार मानव अधिकार स्मृति सम्मान' बाट कास्कीका मानव अधिकारकर्मी टेकनाथ बराल र मोरङका मानव अधिकारकर्मी डा.शिवमाया तुम्बाहम्फेलाई सम्मान गर्ने निर्णय गरिएको छ ।

आयोगका पूर्वकर्मचारी स्वर्गीय दयाराम परियारको सातौं स्मृति दिवसमा आयोगमा आयोजित स्मृतिसभामा सो निर्णय सार्वजनिक गरिएको हो ।

स्मृतिसभामा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले स्वर्गीय परियारलाई 'मानव अधिकार शहीद' घोषणा माग गर्दै सरकारलाई पत्राचार गरिसकेको तर सरकारबाट कुनै प्रतिक्रिया नआएको बताउनुभयो ।

उहाँले देशमा जस्तोसुकै व्यक्तिलाई शहीद घोषणा गर्ने परिपाटी भएको चर्चा गर्दै स्व. दयाराम परियारजस्ता वास्तविक योद्धालाई 'मानव अधिकार शहीद' घोषणा गर्ने दिशामा आलटाल भएकोमा दुःख व्यक्त गर्नुभयो ।

स्मृतिसभामा बोल्दै आयोगका कामु सचिव वेदप्रसाद भट्टराईले प्रहरीले चलाएको गोलीबाट दिवंगत हुनुभएका दयाराम परियारको न्यायका लागि आयोग प्रयासरत रहेको बताउनुभयो ।

उहाँले आयोगले घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न र परिवारजनलाई राहत प्रदान गर्न सरकारलाई सिफारिश गरिसकेको जानकारी दिनुभयो ।

सो अवसरमा बोल्दै स्वर्गीय दयाराम परियारका दाजु प्रकाशचन्द्र परियारले दयाराम परियारलाई 'मानव अधिकार शहीद' घोषणा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले आयोगमा 'दयाराम स्मृति कोष' खडा गरेर मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा उल्लेखनीय योगदान दिने कर्मचारीलाई पुरस्कृत गर्नुपर्नेमा पनि जोड दिनुभयो ।

दयाराम परिवारले विसं २०६२ माघ २ गते राष्ट्रिय मानव अधिकार आयोगमा सेवा प्रवेश गर्नुभएको थियो । उहाँ आयोगको मध्यमाञ्चल क्षेत्रीय कार्यालय जनकपुरमा कार्यरत हुनुहुन्थ्यो ।

कर्मक्षेत्रमा खटिएकै बखत दयाराम परियारलाई २०६२ साल चैत्र ११ गते नेपाल प्रहरीले चलाएको गोली लागेको थियो । उहाँलाई उपचारका लागि शिक्षण अस्पताल (काठमाडौं) मा ल्याई भर्ना गरिएको थियो । उपचारकै क्रममा २०६२ साल चैत्र १५ गते उहाँको देहान्त भएको थियो ।

मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा योगदान पुऱ्याउने मानव अधिकारकर्मीलाई २०६८ सालदेखि 'दयाराम परियार मानव अधिकार स्मृति सम्मान' बाट सम्मान गर्न थालिएको हो ।

(यमबहादुर दुरा)
सञ्चार अधिकृत


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org